नेपाल सरकार

# पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं

प.सं.

च.नं.

## विषय:-अनलाइन आवेदन सम्बन्धी थप स्पष्टीकरण सम्बन्धी सूचना ।।

(मिति- २०८३।०५।२२)

यस पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्बाट मिति २०८३।०५।११ मा प्रकाशित **"व्यवसायीको नाम दर्ता तथा श्रेणी वृद्धिको लागी अनलाइन आवेदन खुला गरिएको सम्बन्धी सूचना"** को सम्बन्धमा नयाँ नाम दर्ता, श्रेणी परिवर्तन र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.प्रा.) को योग्यता तथा दस्तुरसम्बन्धी व्यवस्थाबारे केही अन्योल देखिएकोले तपसिल अनुसार गर्नु हुन अनुरोध गरिन्छ ।

तपसिल

**१. नयाँ नाम दर्ताको लागि आवश्यक प्रक्रिया, कागजात र दस्तुर**

नयाँ नाम दर्ता गराउन चाहने दरखास्त आवेदक सम्बन्धी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन को दफा १३ र नियमावलीको नियम ८ को उपनियम २ बमोजिमको निम्न अनुसारका प्रक्रिया पूरा गर्नुपर्ने छ ।

- **आवश्यक कागजातहरू:**
  - मान्यता प्राप्त संस्थाबाट प्राप्त शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि (अनुसूची-१ बमोजिम)
  - नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि (गैर नेपाली नागरिक भए राहदानी वा सरकारी परिचयपत्र)
  - पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी कार्यरत स्थानीय तहको वडा कार्यालयबाट कार्य अनुभव प्रमाणित गरिएको पत्र ।
  - हालसालै खिचेको पासपोर्ट साइजको फोटो (१ प्रति)
- **दरखास्त दस्तुर:** नयाँ नाम दर्ताको लागि अनलाइन आवेदन फाराम भर्दा **दरखास्त दस्तुर क र ख श्रेणीको लागी रु. ५००/- र ग र घ को लागी रु.३००/-** मात्र लाग्नेछ। (साथै भौचरमा आवेदकको नाम उल्लेख भएको हुनु पर्ने छ ।)

जनक बहादुर रावल

रजिष्ट्रार

## २. श्रेणी परिवर्तनको लागि आवश्यक व्यवस्था, योग्यता, कागजात र दस्तुर

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् नियमावली, २०८१ को नियम १५ बमोजिम एक श्रेणीमा नाम दर्ता भएको व्यवसायीले अर्को माथिल्लो श्रेणीको योग्यता वा अनुभव प्राप्त गरी श्रेणी परिवर्तन गर्न सक्नेछन्।

- **विशेष व्यवस्था (परीक्षा दिन नपर्ने):** श्रेणी परिवर्तनको लागि **कुनै पनि परीक्षा दिनु पर्ने छैन।** योग्यता पुगेका आवेदकले तोकिएको प्रक्रिया पूरा गरी श्रेणी परिवर्तन गर्न सक्नेछन्।
- **शुल्कसम्बन्धी स्पष्टीकरण:** श्रेणी परिवर्तन गर्दा पहिलेको श्रेणी दर्ता गर्दा लागेको शुल्कलाई घटाएर बाँकी शुल्क राख्न पाइने छैन। आवेदकहरूले जुन नयाँ श्रेणीमा परिवर्तन हुन खोज्नुभएको हो, नियमावलीको अनुसूची-२ मा तोकिएको सोही नयाँ श्रेणीको **पूर्ण दर्ता शुल्क** अनिवार्य रूपमा तिर्नुपर्नेछ। (साथै भौचरमा आवेदकको नाम उल्लेख भएको हुनु पर्ने छ।)

  <u>दर्ता शुल्क</u>

  "क" श्रेणीको लागि रु. ५,०००/-

  "ख" श्रेणीको लागि रु. ३,०००/-

  "ग" श्रेणीको लागि रु. २,०००/-

  "घ" श्रेणीको लागि रु. १,५००/-

- **आवश्यक कागजातहरू:**
  - माथिल्लो श्रेणीको योग्यता खुलेको शैक्षिक प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि
  - अनुभव हासिल गरेको प्रमाणित सिफारिस पत्र।
  - नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
  - परिषद्मा तल्लो श्रेणीमा नाम दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि।
  - नयाँ श्रेणीको लागि अनुसूची-२ बमोजिम पूरा दस्तुर बुझाएको रसिद।

## ३. ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.प्रा.) नयाँ नाम दर्ता ग्रा.प.स्वा.प्रा बाट "घ" श्रेणीमा जाने व्यवस्था

ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता (ग्रा.प.स्वा.प्रा.) को हकमा नाम दर्ता, नियमन तथा "घ" श्रेणीमा श्रेणी परिवर्तन/स्तरोन्नतिसम्बन्धी व्यवस्था निम्नअनुसार रहेको छ:

- **ग्रा.प.स्वा.प्रा. को रूपमा नयाँ दर्ताको लागि:**
  - **आवश्यक योग्यता:** कम्तीमा १ महिनाको पशु स्वास्थ्यसम्बन्धी तालिम प्राप्त गरेको हुनुपर्ने।

जनक बहादुर रावल
रजिष्ट्रार

- **आवश्यक कागजातहरू:** तालिमको प्रमाणपत्र, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सञ्चालन गर्दै आएको कागजात, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र दस्तुरबापत **रु. १,०००/-** बुझाएको रसिद।(भौचरमा आवेदकको नाम उल्लेख भएको हुनु पर्ने।)

- **ग्रा.प.स्वा.प्रा. बाट "घ" श्रेणीमा जानको लागि (श्रेणी परिवर्तन/स्तरोन्नति) आवश्यक योग्यता र कागजातहरू:**
    - **योग्यता:**
        - ऐनको दफा २० को उपदफा (४) बमोजिम ग्रा.प.स्वा.प्रा. को प्रमाणपत्र प्राप्त गरी निरन्तर १० वर्ष पशु स्वास्थ्य तथा पशु सेवा व्यवसाय सञ्चालन गरेको हुनुपर्ने र सीप परीक्षणमा सफल भएको हुनुपर्ने।
    - **आवश्यक कागजातहरू:**
        - ग्रा.प.स्वा.प्रा. को प्रमाणपत्र तथा निरन्तर १० वर्ष व्यवसाय सञ्चालन गरेको प्रमाणित कागजात (१० वर्षको अनुभवको आधारमा जाने भएमा) वा प्राविधिक एस.एल.सी. / TSLC / Level-2 तालिम उत्तीर्ण गरेको प्रमाणपत्र।
        - नागरिकताको प्रतिलिपि र पासपोर्ट साइजको फोटो।
        - अनुसूची-२ बमोजिम नयाँ श्रेणीको लागि तोकिएको पूर्ण दर्ता दस्तुर रसिद। (भौचरमा आवेदकको नाम उल्लेख भएको हुनु पर्ने।)

अनलाइन आवेदन फाराम भर्ने अन्य प्रक्रिया तथा थप जानकारीका लागि परिषद्को आधिकारिक वेबसाइट **www.ahlspc.gov.np** मा हेर्न सकिनेछ।

**<u>थप जानकारीको लागी</u>**
सौगात के.सी.
(सूचना अधिकारी)
सम्पर्क नं. (९८४७१९७६९८)
पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्,
त्रिपुरेश्वर, काठमाडौं।

......................
**जनक बहादुर रावल**
रजिष्ट्रार
पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्